| | |
|---|---|
| गाउँपालिकाको कार्यविधि संख्याः | ८ |

# भूमे गाउँ गाउँपालिका

# टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७४

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७४।१२।१७**

भूमे गाउँपालिका

रुकुम (पूर्वी भाग) जिल्ला

प्रदेश नं. ५, नेपाल

# टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७४

## १. भूमिका

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्न गाउँपालिकाका शहरी वस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न भूमे गाउँ कार्यपालिकाको मिति २०७४।१२।१७ को बैठकबाट स्वीकृत गरी यो कार्यविधि कार्यान्वयनमा ल्याएको छ ।

## २. उद्देश्य

टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन्ः

(१) टोल, बस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने,

(२) टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना,विकास र प्रवर्द्धन गर्ने,

(३) टोल बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी,समन्वय र मेलमिलाप कायम गराउने,

(४) आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने,

(५) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने,

(६) बस्ती टोलस्तरमा सबै संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सञ्चालन कार्यमा सहयोग गर्ने,

(७) टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाइको रुपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवं मुल्याङ्कन प्रक्रियामा सहभागी गराउने,

(८) टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने,

(९) टोलको समग्र विकासका लागी कार्यक्रमहरु तय गर्ने,

(१०) वातावरणमैत्री तथा बालमैत्री गाँउपालिका घोषणा आवश्यक सहयोग गर्ने,

## ३. गठन

टोल विका ससंस्थाको गठन देहाय बमोजिम हुनेछः

क) गाउँपालिका नगरोन्मुख बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ।



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

ख) पहिलोपटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थीत गर्न अध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ। तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन। कार्य समितिमा अध्यक्ष सचिव वा कोषाध्यक्ष मध्य कुनै एक जना अनिवार्यरुपमा महिला हुनुपर्नेछ।

ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नुपर्छ ।

## ४. दर्ता/सूचीकृत

टोल विकास संस्थाको दर्ता/सूचिकृत देहाय बमोजिम हुनेछः

(१) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित गाउँपालिकाले दर्ता/सूचिकृत गर्नेछ। टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता/सूचिकृत गर्दा पेश गर्ने निवेदनको नमुना **अनुसुचि-२** मा उल्लेखित गरिएको छ। टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा सम्बन्धित **अनुसुचि-३** बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ।

(२) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा गाउँपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ।

## ५. टोल विकास संस्थाको काम

टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछः

(१) टोलमा, धनि गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

(२) बिभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सशजिकरण गर्ने,

(३) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजिकरण गर्ने,



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

(४) टोलमा सडक ढल लगायतका पूर्वाधारमा गाउँपालिकाको सहमतिमा संस्थाको निर्णयानुसार सेवा शुल्क लिने,

(५) टोलको विकासका लागि बिभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

(६) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने,

(७) एच.आई.भी. एडस, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु संञ्चालन गर्ने,

(८) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने,

(९) सहभागितत्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने,

(१०) टोलमा बिभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(११) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संञ्चालान हुने वातावरण सिर्जना गर्ने,

(१२) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा वालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने

(१३) टोलमा भवन निर्माण मापडण्ड, सामाजिक सुरक्षा भत्ता आदी सामाजिक सरोकारका विषयमा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(१४) टोलमा रहेका सार्वजनिक, पर्ति,एलानि आदी जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने,

(१५) गाउँपालिकाको राजस्व परिचालनको लागि सहयोग प्रदान गर्ने,

(१६) संस्थामा प्रात रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरिक्षण गराउने,

(१७) गाउँपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु,

## ६. टोल विकास संस्थाको कार्य समितिको बैठक

टोल विकास संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछः

१) टोल विकास संस्थाका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ।

२) समितिको बैठकमा सामाजिक परिचालक, गाउँपालिकाका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ।

३) सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ।



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

## ७ टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

### (क) अध्क्षको काम, कर्तव्य र अधिकार

१) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने।
२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने।
३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।
४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने।
५) निर्णयहरु लागु गर्ने र गर्न लागाउने।
६) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने।
७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने।
८) बिशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने।
९) कार्यविधि बमोजिम अन्य कार्यशहरु गर्ने।

### (ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार

१) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने।
२) एकतिहाइ सदस्यहरुले वशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने।
३) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने।
४) संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने।
५) तोकिएको अन्य काम गर्ने।

### (ग) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

१) संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने।
२) खर्चको लेखापरिक्षण गराउने।
३) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने।



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

४)	संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

**(घ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार**

१)	गाउँपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने।

२)	संस्थाको हिसाब-किताब जाँच गर्ने।

३)	संस्थाका पदाधिकारीहरुले गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने।

४)	आवश्यक्ताअनुसार संस्था सञ्चालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने।

५)	आवश्यक्ताअनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सकाउने।

६)	तोकिएका अन्य कामहरु गर्ने।

**८ आर्थिक व्यवस्थापन**

संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखापरिक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछः

**(क) टोल विकास संस्थाको आम्दानी**

१) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु,बिभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान।

२) टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी।

३) संस्थाको विकास निर्माणको लागि टोल विकास कोषको रकम संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार रकम छुट्याउने।

४) संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम।

**(ख) खर्च**

१) संस्थाको विकास निर्माणको लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ।

२) संस्था सञ्चालन, व्यवस्थापन र लेखापरिक्षणमका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति बमोजिम खर्च हुनेछ।



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

**(ग) नाफा**

१) टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ।

२) नाफा संस्थाको निर्णयानुसार टोलको विकासका लागि खर्च गरिनेछ।

**(घ) लेखा**

संस्थाको लेखा देहाय बमोजिम हुनेछ

१) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनीक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ।

२) कोषाध्यक्षले राखेको आम्दानी खर्तको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ।

**(ङ) लेखापरिक्षण**

संस्थाको लेखापरिक्षण देहाय बमोजिम हुनेछः

(१) संस्थाले नियुक्त गरेको लेखापरिक्षणबाट लेखापरिक्षण गराउनुपर्नेछ।

(२) आवश्यक्ताअनुसार गाउँपालिकाले पनि संस्थाको आम्दानी लेखापरिक्षण गर्न सक्नेछ।

(३) संस्थाले आफ्नो वार्षिक लेखापरिक्षणको प्रतिवेदन सम्बन्धित गाउँपलिकामा समेत पेश गर्नुपर्नेछ।

**९ विविध**

(क) यो कार्यविधि प्रचलित नेपालको ऐन, नियमहरुसँग बाझिएमा बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन।

(ख) यो कार्यविधि कार्यान्वयनको क्रममा



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

# अनुसुची -१

## ..............................................टोल विकास संस्थाको विधान

**१ प्रस्तावनाः**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै गाउँपालिकाको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पु-याउने, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो ................................................. टोल विकास संस्था स्थापना गरी सञ्चालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ।

**प्रारम्भिकः**

**१ संक्षिप्त नाम र प्रारम्भ**

(क) यो विधान ..................................................टोल विकास संस्थाको विधान हुनेछ।

(ख) यो संस्थाको नाम ...............................................हुनेछ।

(ग) यो विधान ..............................टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

(घ) यस संस्थाको कार्यालय.........................................मा हुनेछ।

(ङ) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछः

पूर्व .......................................पश्चिम .................................

उत्तर ................................... दक्षिण ..................................

**२ परिभाषाः**

विषय वा प्रिसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

(१) 'संस्था' भन्नाले ........................................टोल विकास संस्थालाई सम्झनुपर्छ।
(२) 'विधान' भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ।



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

(३)'साधारणसभा' भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ।

(४)'समिति' भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ।

(५)'बैठक' भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ।

(६)'पदाधिकारी' भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउछ।

**३ संगठित संस्था हुनेः**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ। साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(ख) संस्थाले चल-अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ। तर संस्थाले आफ्नो अचल सम्पति बिक्रि गर्न भने पाउने छैन। संस्था विगठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पति गाउँपालिकामा हस्तान्तरण हुनेछ।

**४ संस्थाका उद्देश्यहरुः**

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछः

(क) टोलस्तरमा समक्ष र दिगो स्वायत्त संस्थाको विकास गर्ने।

(ख) टोलका व्यक्तिहरुको आयमा वृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनिकरणमा मद्दत पु-याउने।

(ग) स्थानिय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानिय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पु-याउने।

(घ) संस्थालाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने।

**५ टोल विकास कार्य समितिको गठन**

टोल विकास कार्य समितिको देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाका नगरोन्मुख बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ।

(ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष,सचिव र आवश्यक्ता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ। दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ। टोल विकास



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

कार्य समितिको अवधि २ वर्षको हुनेछ।एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन। कार्य समितिका कम्तिमा ५० प्रतशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्षहरु मध्य कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ।

(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेत्नुपर्छ। यदि सम्भव नभए कम्तिमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ। टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तिमा ५० प्रतिशत महिला आवद्ध गराउनुपर्नेछ।

**६ संस्थाका कार्यहरुः**

टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछनः

(१) प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने।

(२) संस्थाका सदस्यहरुलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोही बमोजिमका कार्यक्रमहरु संञ्चालन गर्ने।

(३) टोलमा आइपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने।

(४) उपलब्ध स्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने।

(५) एच.आई.भी./एड्स, अशिक्षा,अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याका बारेमा सम्पर्ण टोल विकास संस्थाका सदस्यहरुलाई चेतना अभिवृद्धि गर्ने।

(६) आफ्नो टोल तथा सार्वजनिक स्थलमा बृक्षरोपन गर्ने।

(७) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा वालमैत्री बनाउने विविध कार्यक्रमहरु सञ्चालन गर्ने।

(८) टोलमा बसोवास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(९) वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र गाउँपालिकालाई सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने।



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

(१०) आफ्नो टोल वस्तिलाई नमुना वस्तिको रुपमा विकास गर्न सहयोग गर्ने।

(११) हरित गाउँ/शहर, उज्यालो शहर, सफा शहर र सम्पन्न तथा सभ्य शहर स्थापना अभियानमा सहयोग गर्ने।

(१२) आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने।

(१३) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदी अभियानमा सहयोग गर्ने।

(१४) टोलमा रहेका सार्वजनिक, पर्ति, एलानी आदी जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने।

(१५) संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने।

(१६) गाउँपालिकाको राजश्व परिचालनमा सहयोग गर्ने।

(१७) गाउँपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु।

**७ सदस्यता**

संस्थामा सदस्यता देहाय बमोजिम हुनेछः

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानिय टोलबासीलाई यस संस्थाको सदस्य हुनेछ।

(ख) सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ।

**८ सदस्यता नरहने**

देहायको अवस्थामा सदस्य रहने छैन

(क) सदस्यको सदस्यको मृत्यु भएमा।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा।

तर संस्थाको निर्णयउपर चित्त नबुझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ।

(ग) सदस्यता शुल्क नतिरेका वा संस्थाको निर्णय पालन नागेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा।



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

(घ) संस्थालाई हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन,आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा।

तर सम्बन्धित सदस्यलाई सफाइ दिने अवसरबाटबञ्चित गरिनेछैन। यससम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभाको हुनेछ।

(ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा।

**९ संस्था गठन एवं कार्य संचालन विधि**

संस्थाको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछ।

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निक्र्यौल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने अधिकांश घरधुरीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष,कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरु सदस्य हुनेछन्।

(ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन। अध्यक्ष,

**१० संस्थाका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार**

संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछनः

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१)संस्थाको नियमित बैठक बोलाउने।
(२)बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने।
(३)बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।
(४)छलफल हूँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने।
(५)निर्णयहरु लागु गर्ने र गर्न लगाउने।
(६)सचिव र कोषाध्यक्षलाई आवश्यक्ताअनुसार सहयोग पु-याउने।
(७)संस्थाले आर्जन/ प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने।
(८)आवश्यक कार्यमा संस्थाको प्रतिनिधिहरु गर्ने वा गराउने।



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

(९)विशेष बैठकको आवश्यक्ता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने।

**(ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार**

(१)अध्यक्षको आदेशअनुसार बैठक बोलाउने।

(२)अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने।

(३)एकतिहाइ सदस्यहरुको विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठको बोलाउने।

(४)बैठक पुस्तिकामा उपस्थित गराउने।

(५)छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने।

(६)संस्थाका क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने।

(७)तोकिएका अन्य कार्यहरु गर्ने।

**(ग) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१)संस्थाले गरेको आर्थिक कारोबारको लेखापरिक्षण गराउने।

(२)बैंकमा संयुक्त रुपमा खाता संचालन गर्ने।

(३)अन्य सदस्यहरुसँग समन्वय राखी सहयोग लिने दिने।

(४)संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

**(घ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

(१)गाउँपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने।

(२)संस्थाको हिसाबकिताब चेक गर्ने।

(३)संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने।

(४)संस्था सञ्चालनका लागि आवश्यक्ताअनुसार नीति बनाउन सहयोग गर्ने।

(५)बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने।

**११. साधारण सभाको गठन र कार्य प्रणाली**

साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछः

(१)संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण-सभा हुनेछ।

(२)साधारण-सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा संस्थाको संस्थाको सचिव र निजको पनि अनुपस्तिथिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ।



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

(३)साधारण-सभा संस्थाको सर्वोच्च निकाय हुनेछ।

## १२. साधारण सभाको काम, कर्तव्य र अधिकार

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१)संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखी पेश भएका विषयमा सल्लाह दिने।

(२)लेखापरिक्षक नियुक्ति गर्ने।

(३)संस्थाको लेखापरिक्षकको प्रतिवेदन पारित गर्ने।

(४)कार्य समितिलाई अधिकार प्रत्यायोजना गर्ने।

(५)कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने।

(६)संस्थाको विधान शंसोधन गर्ने।

(७)आवश्यक्ताअनुसार सल्लाहको मनोनयन गर्ने।

(८)संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने।

## १३.आर्थिक व्यवस्था

(क) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछः

- सदस्यबाट प्राप्त शुल्क।
- सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान।
- संस्थाको क्रियाकलापको सिलिसिलामा प्राप्त हुने आय वा पुरस्कार।
- अन्य आमदानी

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षणपश्चात् विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ।

(ग) संस्थाको नाममा प्राप्त वा खरिद चल-अचल सम्पतिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ।

## १४. कार्यसमिति तथा पदाधिकारीको राजिनामा

(क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्षसमक्ष दिन सक्नेछन।

(ख) अध्यक्षले आफ्नो राजिनामा सचिवमार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सोउपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ।



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

## १५. कार्य समितिलाई आविश्वासको प्रस्तावना

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरुउपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६० प्रतिशत सदस्यहरुले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ। अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिईनेछ।

## १६. विविध

(क) विधान शंसोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ।साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाइ बहुमतले विधान शंसोधन हुनेछ।

(ख) प्रचलित ऐन, नियमहरुसँग बाझिएका बुँदाहरु हदसम्म स्वतः खारेज हुनेछ।



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

अनुसुची-२

(टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको नमुना)

मिति .......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
भूमे गाउँपालिका कार्यपालिकाको कार्यालय
..........................................................

वषयः टोल  वकास संस्था दर्ता गर्ने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको वडा नं..........को.........................टोलमा गठन गरिएको................................टोल विकास संस्थालाई .................................गाउँपालिकामा दर्ता/सूचिकृत गरिदिनुहुन अनुरोध गर्दछु। यस ...........................टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किस्ताभित्र सीमित रहनेछ।

पूर्व सिमाना.................................
पश्चिम सिमाना..................................
उत्तर सिमाना...................................
दक्षिण सिमाना......................................

निवेदक
.............................................
**अध्यक्षको नामः**
टोल विकास संस्थाको नामः
ठेगानाः



(चन्द्र संह श्रेष्ठ)
प्रमुख प्रशासकीय अ धकृत
मतिः २०७४/१२/१७

अनुसुची-१

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

..............................................

दर्ता नं. .....

## प्रमाण-पत्र

भूमे गाउँपालिका वडा नं............... स्थित ...................................................मा गठन भएको ................................................टोल विकास संस्थालाई यस कार्यालयमा मिति......................................... मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

कार्यालयको छाप:

**दर्ता अधिकारीको**

हस्ताक्षर:

मिति:

नाम, थर:

पद:

मिति:



(चन्द्र संह श्रेष्ठ)

प्रमुख प्रशासकीय अ धकृत

मतिः २०७४/१२/१७